प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
ग्रामिण सडक सञ्जाल सुधार आयोजना(RCIP)
आयोजना कार्यान्वयन इकाई (PIU)
कोशी प्रदेश, विराटनगर, नेपाल
ईमेल:-rcipaf.p1@gmail.com
वेबसाइट:-mopid.koshi.gov.np

पत्र संख्या - ०८०।०८१
चलानी नम्बर:-१९२

मिति :- २०८०।०९।२६

# घरभाडा लिने सम्बन्धी १५ दिने सूचना

*प्रथम पटक प्रकाशित मिति:-२०८०/०९/२६*

यस आयोजनाका अधिकृतस्तरका कर्मचारीहरुको आवास प्रयोजनको लागि तपसिल बमोजिमको मापदण्डभित्रको घर भाडामा लिनु पर्ने हुँदा इच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा आइपुग्ने गरी आफुले दिन सक्ने बहाल दररेट खुलाई रीतपूर्वकको निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलः</u>

१.भाडा लिनुपर्ने घरहरु विराटनगर महानगरपालिका क्षेत्रभित्र यस आयोजनाबाट पुर्वमा करिब १ किलोमिटर, पश्चिममा करिब १ किलोमिटर, उत्तरमा करिब १ किलोमिटर, दक्षिणमा करिब १ किलोमिटरको दुरी भित्र अवस्थित हुनुपर्ने।

२.चारैतिर कम्पाउण्ड वालले घेराबार भएको हुनुपर्ने र न्यूनतम ४ वटा मोटरसाईकल पार्किङको सुबिधा भएको ।

३.घरमा विद्युत्त,किचन,पानी,शौचालयको सुविधा भएको हुनुपर्ने।

४.वहाल लिने घरमा कम्तिमा २ वटा वेड रुम ,एक वटा लिभिङ रुम र एक वटा किचन कोठा हुनुपर्ने। उक्त घरको सबै झ्याल/ढोकामा जालि समेत हुनु पर्नेछ ।

५.घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपि,सो घरको स्वीकृत नक्साको प्रतिलिपि सहित निवेदन पेश गर्नुपर्नेछ।

६.आफूले भाडामा दिन चाहेको घरजग्गा के कति भाडा दरमा दिन सकिने हो? घर बहाल कर सहित मासिक रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।

७.नियमानुसारको घरबहाल कर लाग्नेछ।

८.निवेदन प्राप्त भएका घर भाडामा लिने वा नलिने भन्ने अधिकार यस आयोजनामा निहित हुनेछ।

९.अन्य कुराहरु यस आयोजनाले तोकेबमोजिम हुनेछ।

.....................................
शम्भु कुमार साह
सि.डि.ई.
आयोजना प्रमुख